**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २६ गते बिहीबार ❑ 10 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## गण्डकीमा सुशासन र सेवा प्रवाहप्रति नागरिकको असन्तुष्टि बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

गण्डकी प्रदेशमा सुशासन र सेवा प्रवाह प्रति नागरिकको असन्तुष्टि बढ्दो रुपमा रहेको एक अध्ययनले देखाएको छ । पुरक एसिया नामक एक संस्थाले केही समय अघि गण्डकी प्रदेशका मनाङ र मुस्ताङ बाहेक ९ जिल्लामा गरेको नागरिक सर्वेक्षणबाट प्रदेशमा सुशासन र सेवा प्रवाह प्रति नागरिकको असन्तुष्टि बढ्दो रुपमा देखा परेको संस्थाका कार्यकारी निर्देशक हरि शर्माले बताउनु भयो ।

बुधबार पोखरामा उक्त सर्वेक्षण सार्वजनिक गर्दै पुरक एसियाले १८ देखि २५ बर्षका युवाहरुमा धेरै आशा रहेको र राजनीतिक दलका पुराना नेतृत्व प्रति असन्तुष्टि रहेको उल्लेख गरेको छ।

संविधान जारी भएको एक दशक र तीन तहको शासन अभ्यासमा आएको आठ वर्ष पुग्दै गर्दा गण्डकी प्रदेशका नागरिक अझै सार्वजनिक सेवा, सुशासन र लोकतान्त्रिक प्रणालीप्रति पूर्ण सन्तुष्ट नदेखिएको कार्यकारी निर्देशक शर्माले जनाउनु भयो । सार्वजनिक नीति अनुसन्धानमा केन्द्रित एउटा ताजा सर्वेक्षणका अनुसार "गाउँ-गाउँमा सिंहदरबार" भन्ने मूल नाराबाट सुरु गरिएको संघीय शासन प्रणालीमा आम नागरिकको अनुभव मिश्रित र कतिपय क्षेत्रमा निराशाजनक रहेको सर्वेक्षणले देखाएको छ।



सर्वेक्षण अनुसार, स्थानीय सेवाप्रवाहमा केही सुधार देखिए पनि पारदर्शिता र जवाफदेहीतामा कमजोरी स्पष्ट देखिएको छ । सेवा लिँदा अप्ठ्यारो छैन भन्ने ७७.३ प्रतिशत भए पनि पारदर्शी प्रक्रिया भएको भन्ने ५० प्रतिशत भन्दा कम मात्र थिए। सेवा विषयक सूचना प्राप्तिमा पनि करिब आधाले सन्तुष्टि व्यक्त गर्नु भयो । जनप्रतिनिधि र सरकारी कर्मचारीको व्यवहारमा भने सकारात्मक सुधार देखिएको छ। जनप्रतिनिधिको व्यवहार राम्रो भएको अनुभव गर्ने ७२.१ प्रतिशत र कर्मचारीको व्यवहार राम्रो भन्ने ७४.४ प्रतिशत थिए। तर आमनागरिकको आवश्यकता सम्बोधनमा स्थानीय सरकार प्रभावकारी छैन भन्ने धारणा ४४.९ प्रतिशत नागरिकले व्यक्त गरेका छन् । पूर्वाधार र सार्वजनिक सेवाको सन्दर्भमा, स्वास्थ्य र शिक्षा क्षेत्रमै असन्तुष्टि उच्च देखिएको छ। स्थानीय तहको स्वास्थ्य सेवाबाट ५२.१ प्रतिशत सन्तुष्ट देखिए पनि राष्ट्रिय स्तरमा असन्तुष्टि ५३.९ प्रतिशत पुगेको छ। शिक्षामा पनि यस्तै प्रवृत्ति देखिएको छ–स्थानीय तहमा सन्तुष्टि ५५.२ प्रतिशत भए पनि राष्ट्रिय तहमा यो संख्या घटेर ४४.३ प्रतिशतमा झरेको छ।

यातायात र सडक सेवामा असन्तुष्टि गम्भीर रूपमा देखिएको छ। सार्वजनिक यातायात सेवा असन्तोषजनक भन्ने ४९.८ प्रतिशत छन् भने सडक अवस्थाबाट असन्तुष्ट हुनेको संख्या झनै बढेर ६९.८ प्रतिशत पुगेको छ । सञ्चार सेवामा भने सकारात्मक मूल्याङ्कन गरिएको छ । इन्टरनेट सेवा सन्तोषजनक भन्ने ८२.१ प्रतिशत नागरिक देखिए। बिजुलीको आपूर्ति सेवा पनि प्रभावकारी मानिएको छ–८८.१ प्रतिशत सन्तुष्टि दर सहित । प्राकृतिक प्रकोप व्यवस्थापनमा असन्तुष्टि प्रकट भएको छ। बाढी, पहिरोजस्ता विपद्पछि सरकारी समन्वय सन्तोषजनक नभएको जनाउने नागरिकको संख्या ४५.७ प्रतिशत छ । यस्तै, फोहोर व्यवस्थापनप्रति पनि पूर्ण सन्तुष्टि देखिएको छैन । सामुदायिक छलफलमा सहभागिता उच्च देखिए पनि, योजना छनोट र निर्णय प्रक्रियामा सहभागिता न्यून देखिएको छ। समुदायमा अनौपचारिक छलफलमा सहभागी हुने ८२.४ प्रतिशत भए पनि योजना छनोट प्रक्रियामा सक्रिय सहभागिता देखाउने मात्र ४१.५ प्रतिशत थिए । गणतन्त्रप्रति सन्तुष्टि दर मात्र ३२.४ प्रतिशत रहेको छभने १८-२५ वर्ष उमेर समूहका करिब ५६ प्रतिशत युवाले राजनीतिक प्रणालीप्रति असन्तुष्टि व्यक्त गरेका छन्। यो अवस्था शिक्षित र प्रविधिमा सशक्त युवा पुस्तामा मोहभंग बढ्दै गएको संकेत हो ।

धेरै नागरिकले "सरकारले सुनुवाइ गर्दैन," "अख्तियार निष्पक्ष छैन," र "चुनावको अर्थ छैन" भन्ने धारणा प्रकट गरेका छन्, जसले गणतन्त्र र लोकतन्त्रको स्थायित्वप्रति गम्भीर प्रश्न उठाएको अनुसन्धानकर्ता प्रेम दर्शन सापकोटाले उल्लेख गर्नुभयो । सर्वेक्षणहरूले देखाएका यी तथ्यहरूले गण्डकी प्रदेश मात्र होइन, समग्र संघीय नेपालमा लोकतान्त्रिक शासनप्रति जनविश्वास पुनःस्थापना गर्न तत्काल सुधार, जवाफदेहिता र नागरिक सहभागिता आवश्यक रहेको अनुसन्धानकर्ता तिकल पाठकले बताउनु भयो। नागरिक सन्तुष्टिमा वृद्धि गर्न स्थानीय तह सशक्तीकरण, शिक्षा-स्वास्थ्य सुधार, पारदर्शी शासन प्रक्रिया, र युवा रोजगारीका कार्यक्रमहरू अनिवार्य रुपमा ल्याउनु पर्ने अनुसन्धानकर्ता सुष्टि अधिकारीले जनाउनु भयो।

गण्डकी प्रदेशका ९ जिल्लाका १८ पालिकामा १०६७ जना उत्तरदातासँग गरिएको सर्वेक्षणमा सहभागीमध्ये ५३.४ प्रतिशत पुरुष र ४६.६ प्रतिशत महिला थिए। उत्तरदाताको अधिकांश उमेर ४६-६० वर्षको समूहमा थियो भने सामाजिक वर्गीकरणमा पहाडी जात र जनजातिको संख्या उच्च थियो।

## निर्वाचनमा उम्मेदवारलाई असहयोग गर्ने नेता कार्यकर्तालाई कांग्रेसद्वारा कारवाही

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

नेपाली कांग्रेसले स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन २०७९ मा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध असहयोग गरी पराजित गराउने नेता तथा कार्यकर्तालाई कारवाही गरेको छ।

पार्टीको केन्द्रीय अनुशासन समितिको यही असार ९ देखि १७ गतेसम्म बसेको बैठकले पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध असहयोग गरी पराजित गराउने गलत मनशायका साथ सामाजिक सञ्जाल, अडियो/भिडियो लगायत अनेकन हत्कण्डा प्रयोग गरिएका प्रमाणका आधारमा निस्काशन/निलम्बन गर्ने निर्णय गरेको हो।

समिति संयोजक आनन्दप्रसाद ढुङ्गानाका अनुसार तेह्रथुमका महासमिति सदस्य तुलसी सुब्बा, कास्कीका महासमिति सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल, खोटाङका सभापति विष्णुकमार राई, पर्सा क्षेत्र नं १ का क्षेत्रीय सभापति अरविन्दकुमार गुप्तासमेतविरुद्ध परेको उजुरीमा समितिले स्पष्टीकरण सोधिएको थियो।

निजहरूले दिएको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकाले उपलब्ध प्रमाणका आधारमा कांग्रेसको विधानअनुसार उहाँहरूलाई एक वर्ष र धनुषा जिल्ला लक्ष्मीनीया गाउँपालिकाका सभापति आनन्द यादवलाई छ महिनाको लागि कांग्रेसको सदस्यताबाट निस्काशन गर्ने निर्णय गरिएको हो । केन्द्रीय अनुशासन समितिबाट स्पष्टीकरण सोधिएको सन्दर्भमा निजहरूले दिएको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकाले उपलब्ध प्रमाणको आधारमा कांग्रेसको विधानअनुसार उहाँहरूलाई छ महिना र कांग्रेस कास्कीका निवर्तमान सभापति कृष्ण केसीलाई तीन महिनाको लागि निलम्वन गर्ने निर्णय गरिएको संयोजक ढुङ्गानाले जानकारी दिनुभयो।

## मातृ शिशु मितेरी अस्पतालमा दुरबिन प्रबिधिको सर्जिकल अपरेसन र डिआर एक्सरे सेवा बिस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

पोखरा महानगरपालिका-१६ मा अवस्थित मातृ-शिशु मितेरी प्रादेशिक अस्पतालले दूरबिन प्रविधिमा आधारित शल्यक्रिया र डिजिटल प्रणालीमा आधारित म्च एक्सरे सेवा विस्तार गरेको छ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तथा कास्की जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले बुधबार औपचारिक रूपमा सेवा शुभारम्भ गर्नुभयो। पौडेलले सेवाको विस्तारसँगै बिरामीहरूका लागि आधुनिक प्रविधिमार्फत सर्जिकल अपरेशन सहज हुने उल्लेख गर्नुभयो । अध्यक्ष पौडेलले "गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा करिब रु ९७ लाख मूल्यको ४८ प्रणालीयुक्त शल्यक्रिया मेसिन जडान गरिएको जसले नाक-कान-घाँटी र स्त्रीरोगसम्बन्धी रोगहरूलाई छिटो र प्रभावकारी रूपमा उपचार




बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरा विश्वविद्यालयको बजेट र नीति तथा कार्यक्रम पारित

**रासस**
काठमाडौं, २५ असार

पोखरा विश्वविद्यालयको २५औँ साधारणसभाको बैठकले आगामी आर्थिक वर्षका लागि रु एक अर्ब ५४ करोडको बजेटसहित नीति तथा कार्यक्रम पारित गरेको छ।

प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा आज प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले विश्वविद्यालयको शिक्षक कर्मचारीसम्बन्धी नियमावली, २०५५ र आर्थिक नियमावली, २०५५ तथा सेवा आयोग र पुनरावेदन समितिसम्बन्धी नियमावली,




२०५७ सहित विभिन्न नियमावलीमा संशोधन प्रस्ताव पारित गरेको छ।

बैठकमा कुलपति ओलीले विश्वविद्यालयलाई अनुसन्धानमूलक र प्रतिस्पर्धी रूपमा सञ्चालन गर्न आग्रह गर्दै स्वदेशमा उत्कृष्ट उच्चशिक्षा सम्भव छ भन्ने भावनालाई सार्थक तुल्याउनुपर्नेमा जोड दिनुभयो । बैठकमा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले विश्वविद्यालयले २१औँ शताब्दीका लागि आवश्यक पर्ने जनशक्ति उत्पादनमा लाग्न आग्रह गर्नुभयो । उपकुलपति प्रा डा वेदराज केसीले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै उपलब्ध स्रोतसाधनको उपयोग गरी विश्व बजारको मागअनुसार शिक्षा प्रदान गर्न विश्वविद्यालयले भरपुर प्रयास गर्ने पूतिबद्धता जनाउनुभयो।

विश्वविद्यालयमा चार सङ्कायअन्तर्गत चार आङ्गिक महाविद्यालय, तीन संयुक्त आङ्गिक महाविद्यालय र ५८ वटा सम्बन्धनप्राप्त महाविद्यालयमार्फत ६८ शैक्षिक कार्यक्रममा ३४ हजार ६७९ विद्यार्थी अध्ययनरत छन्।

## फेवाताल किनारमा सीमास्तम्भ राख्नेक्रम जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

सर्वोच्च अदालतको आदेशानुसार पोखरास्थित फेवातालको सीमाङ्कनका क्रममा हालसम्म ७५० सीमास्तम्भ राखिएका छन्।

पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र नेपाल सरकारको संयुक्त पहलमा गत जेठ १७ गतेदेखि तालको किनारमा सीमास्तम्भ गाड्न सुरु भएकामा हालसम्म तालघरमा सो सङ्ख्यामा पिल्लर गाडिएको पोखरा महानगर प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो । महानगरले तालको किनारमा एक हजार ५५ वटा पिल्लर गाड्ने योजना बनाएको छ। महानगर प्रमुख आचार्यले सम्मानित सर्वोच्च अदालतको आदेशाानुसार महानगरपालिकाले सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गरी ताल घरमा पिल्लर गाड्ने र सीमाङ्कनको काम गरिरहेको छ । ताल घरमा सीमास्तम्भ गाड्ने कार्यमा सर्वेक्षक, प्राविधिक, नगर प्रहरी,


**सीप सिकौं, आत्मनिर्भर बनौं**

शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो

» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering

**हाम्रा विशेषताहरू:**

- सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने ।
- जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने ।
- प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने ।
- जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था ।

**न्यूनतम शैक्षिक योग्यता:** SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु ।

**अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म**
**कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट**

विस्तृत जानकारीको लागि:
**पोखरा ईन्जिनियरिङ कलेज**
पोखरा-८, फिर्के । फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७

www.pec.edu.np

# करिब ३३ महिनापछि पोखरामा सोलो प्याराग्लाइडिङ उडान पुनः सुरु हुने

**पोखरापत्र संवाददाता**
गण्डकी, २५ असार

करिब ३३ महिनापछि पोखरामा सोलो प्याराग्लाइडिङ उडान पुनः सुरु हुने भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले सुरक्षालाई विशेष ध्यान दिँदै सोलो उडानलाई पुनः अनुमति दिएको हो।

विश्वकै उत्कृष्ट पाँच प्याराग्लाइडिङ गन्तव्यमध्ये एक मानिने पोखरामा सोलो उडान बन्द हुँदा हरेक वर्ष करोडौंको राजस्व गुम्दै आएको थियो। साथै, खुला नेपाल प्याराग्लाइडिङ प्रतियोगिता र नवौं राष्ट्रिय खेलकुददेखि उक्त उडान बन्द भएको थियो। नेपाल हवाई खेलकुद संस्था (नाका) लाई सोलो उडानको व्यवसायिक जिम्मेवारी दिइएको छ। क्यानले सोलो उडान पुनः सुरु गर्न अनुमति दिन पत्राचार गरिसकेको नाका अध्यक्ष अनिल केसीले जानकारी दिनुभयो।

करिब ३३ महिनादेखि सोलो प्याराग्लाइडिङ ठप्प थियो। त्यस अवधिमा नयाँ खेलाडी उत्पादन हुन सकेन। १९औं एसियाली खेलकुदमा रजत पदक विजेता नेपाली खेलाडीहरू समेत विदेशमा गएर खेल्न बाध्य भए अध्यक्ष केसीले पोखरापत्रसँग भन्नुभयो, अब पुनः उडान सुरु हुने भएपछि हामी उत्साहित छौं। नाका अनुसार, साउनको पहिलो साताबाट सोलो उडान पुनः सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। हालसम्म करिब ४ सय पाइलटले लाइसेन्स प्राप्त गरेका छन् भने २४० जना प्रत्यक्ष रूपमा यो पेसामा आबद्ध छन्।

अध्यक्ष केसीका अनुसार, सोलो उडान पुनः सुरु भएपछि नेपाली पाइलटहरूको क्षमता अभिवृद्धिका साथै अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूको आयोजनाको ढोका पनि खुल्नेछ। विदेशी सोलो पाइलटहरूलाई समेत आकर्षण गर्नेछ, तर उडान सुरक्षा सुनिश्चित गर्न निगरानी आवश्यक हुनेछ, उहाँले भन्नुभयो। सोलो उडान बन्द हुनुको प्रमुख कारण दशौं राष्ट्रिय खेलकुदमा सहभागी नेपाली सेनाका खेलाडी निसिम थापा मगरको दुर्घटनामा निधन हुनु थियो। उहाँ सारङ्कोटबाट उडे लगत्तै करिब १०० मिटरमाथिबाट खस्नुभएको थियो।

गम्भीर घाइते अवस्थामा अस्पताल पुर्‍याइएका थापालाई चिकित्सकहरूले मृत घोषणा गरेका थिए। उक्त घटनापछि क्यानले अनिश्चितकालका लागि सोलो उडान बन्द गरेको थियो। अब भने प्राविधिक तयारी सहित पुनः सुरुआत गर्न लागिएको हो। आफुहरुले आन्तरिक व्यबस्थापन गरेर केही दिनमा उक्त सेवा संचालन गर्ने केसीले जनाउनुभयो।

# मनसुनजन्य जोखिमलाई दृष्टिगत गरी सवारीसाधनका लागि तालिका

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

जिल्ला प्रशासन कार्यालय कास्कीले मनसुनजन्य जोखिमलाई दृष्टिगत गरी जिल्लाका विभिन्न सडकखण्डमा सवारीसाधन सञ्चालनका लागि समय तालिका निर्धारण गरेको छ।

कार्यालयले आज सूचना जारी गर्दै मनसुनका कारण सम्भाव्य मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ आजैदेखि लागू हुनेगरी १५ दिनका लागि अत्यावश्यकबाहेक सार्वजनिक तथा निजी सवारीसाधनमा समय तालिका निर्धारण गरेको हो।

यसअघि गत सोमबार प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार समय तालिका निर्धारण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालद्वारा जारी सूचनामा जनाइएको छ। सूचनाअनुसार घान्द्रुक, उल्लेरी र लान्द्रुक जाने सडक (वीरेठाँटी-घान्द्रुक, वीरेठाँटी-उल्लेरी र लुम्ले-लान्द्रुक) मा सञ्चालित सवारीसाधनले बिहान ५:०० बजेपछि मात्र प्रस्थान गर्न पाउने उल्लेख गरिएको छ।

त्यस्तै, साँझ ५:०० बजेभित्र आफ्नो प्रस्थान विन्दुबाट गन्तव्यका लागि छुटिसक्नुपर्ने जनाइएको छ। काहुँखोलाबाट ताङ्तिङ जाने सवारीसाधनले बिहान ५:०० बजे पछि मात्र यात्रा सुरु गर्नसक्ने र साँझ ४:३० बजेभित्र प्रस्थान बिन्दुबाट छुटिसक्नुपर्ने तालिका निर्धारण गरिएको प्रशासनले जनाएको छ।

# थुनिएको म्याग्दी नदी बग्न थाल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ असार

धवलागिरि गाउँपालिका-४ बाँसबोटको भिरबाट खसेको पहिरोले बुधबार दिउँसो थुनिएको म्याग्दी नदी पुरानैलयमा बग्न थालेको छ।

धवलागिरि गाउँपालिका-४ र ७ को सिमाना भएर बग्ने म्याग्दी नदीमा भिरबाट खसेको पहिरो थुप्रिँदा नदीको नियमित प्रवाह आंशिक रूपमा रोकिएको र तलाउ बनेको थियो। ठूला ढुङ्गासहित पहिरोले बनाएको बाँध नाघेर नदी बग्न र तलाउमा पानीको सतह घट्न थालेको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो। दिउँसो १२:३० देखि करिब एक घण्टासम्म पहिरोका कारण तल्लो क्षेत्रमा पानीको सतह घटेको थियो। घटनास्थलमा पुगेका बाँसबोटको छिमेकी छहरीका बासिन्दा तम पुनले थुनिएको नदी बग्न थाले पनि भिरबाट पहिरो खस्ने क्रम भने नरोकिएको बताउनुभयो। करिब तीन सय मिटर लामो र ३० मिटर गहिरो तलाउ बनेको उहाँले बताउनुभयो। बुधबार बिहान म्याग्दीको धवलागिरि र मालिका गाउँपालिकामा भारी वर्षा भएको थियो। छहरी, कल्लेनी, बगर, भारवाङ, साँवता, थापाचौर, दरवाङ, छिसवाङ, खोप्टी, पिपलबोट, बाबियाचौर, तोराखेत, सिमलचौर, तातोपानी, सिङ्गा र बेनी बजार म्याग्दी नदीको तटीय क्षेत्रका बस्ती हुन्।

धवलागिरि हिमालमा मुहान भएको म्याग्दी नदी बेनी बजारमा आएर कालीगण्डकीमा मिसिन्छ। प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले तत्काललाई जोखिम टरे पनि तटीय क्षेत्रका बासिन्दालाई खोला किनारमा नजान र सकर्त रहन अनुरोध गर्नुभएको छ। धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले पहिरो खसेको भिरको फेदीमा रहेको बाँसबोटका बासिन्दालाई सुरक्षित ठाउँमा सार्ने तयारी गरेको बताउनुभयो। बाँसबोटमा पाँच घरपरिवारको बसोबास छ। पहिरोका कारण धवलागिरि गाउँपालिका-४ खिवाङ, बगर र नाउरा जोड्ने सडक अवरुद्ध भएको छ। सडक अवरुद्ध हुँदा स्थानीयवासीका साथै ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी १ र ३७ मेगावाट क्षमताको अपर म्याग्दीखोला जलविद्युत् आयोजना निर्माणकार्य प्रभावित भएको छ।

# मनोसामाजिक मनोविमर्शको ६ महिने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार




हार्ट माइन्ड कन्सल्टेन्सी पोखराले सञ्चालन गरेको ६ महिने मनोसामाजिक मनोविमर्शको तालिम नौ जनाले पुरा गरेका छन्।

गएको बर्षको पुस १ गतेबाट सञ्चालन भएको तालिम ६ महिना अर्थात ७ सय८० घण्टा पुरा भए पछि बुधवार एक कार्यक्रमको आयोजना गरि संस्थाले प्रमाणपत्र बितरण र अनुभव आदान प्रदान गरि तालिम लिएकाहरुलाई बिदाई गरेको हो। कार्यक्रममा बोल्दै गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्रका महानिर्देशक विनोद बिन्दु शर्माले तालिम पश्चात सिकेका कुराहरुलाई ब्यवाहारमा लागु गर्न र समाजमा प्रयोग गर्न आग्रह गरे। उनले गण्डकी प्रदेशका २ जिल्लामा बाहेक सबै जिल्लामा साइक्याट्रिक राखिएको बताउदै हार्ट माइन्ड कन्सल्टेन्सीले सञ्चालन गर्ने तालिम बहुउपयोगि भएको उल्लेख गरे।

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशका मानव अधिकार अधिकृत खिमलाल सुबेदीले मानव अधिकार र मानसिक स्वास्थय एक अर्काका परिपुरक भएको बताए। तालिम प्राप्त पश्चात समस्यामा रहेकाहरुलाई तालिम लिएकाहरुले मनोविमर्श गरि सहयोग गर्न सक्नेमा उहाँको विश्वास रहेको थियो। कन्सल्टेन्सीका निर्देशक सुदिप घिमिरेले गण्डकी प्रदेशमानै पहिलो पटक मनोसामाजिक मनोविमर्शको तालिम सिटिइभिटिबाट सम्बन्ध प्राप्त गरि सञ्चालन गरेको बताए। उनले सुरुवातको चरण निकै चुनौतिपूर्ण रहेको बताउदै स्थानिय तह र प्रदेश सरकार सगँ सहकार्य गरेर आगाडि बढदै जाने उल्लेख गरे।

कार्यक्रममा गण्डकी प्रदेश स्वास्थय तालिम केन्द्रका जनस्वास्थ्य अधिकृत लालु शर्मा रिमाल, प्रादेशिक स्वास्थय तालिम केन्द्रका आइटि रविन्द्र लामिछाने लगाएतको सहभागिता रहेको थियो भने प्रशिक्षार्थीहरु रुकबहादुर गुरुङ सकुन्ता पाण्डेले ६ महिना अवधिभरिको आफ्नो अनुभव शेयर गरेक थिए।

# मातृ शिशु...

गर्न सहयोग पुर्‍याउने जानकारी दिनुभयो। छाला काट्नु नपर्ने, प्वाल पारेर अपरेशन गर्न सकिने र सेवा छिटो छरितो हुने भएकोले बिरामीहरूको अस्पताल बसाइ समय पनि घट्ने अपेक्षा गरिएको छ।" त्यसै गरि डीआर एक्सरे प्रणालीमा आधारित आधुनिक डिजिटल प्रविधिमा करिब रु ३४ लाखको लागतमा ५०० एम ए क्षमता हुने डि आर एक्सरे मेसिन समेत जडान गरिएको छ। यसले चिकित्सकलाई सबै प्रकारका जटिल एक्सरे परीक्षण गर्न र सबै अंगहरूको सहज, छिटो र स्पष्ट तस्वीर प्राप्त गर्न सकिने उक्त अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर धर्मदेव ढकालले जानकारी दिनुभयो। नवीनतम मेडिकल उपकरण र डिजिटल प्रविधि-सम्पन्न यी सेवागत सुधारले पोखराको मातृ-शिशु मितेरी अस्पताललाई स्वास्थ्य सेवा-क्षेत्रमा थप सशक्त बनाउने विश्वास डाक्टर ढकालले व्यक्त गर्नुभयो।

# फेवाताल ...

नेपाल प्रहरी र सशस्त्र प्रहरी खटिएका छन्। महानगर प्रमुख आचार्यले सीमाङ्कनको काम सम्पन्न भएपछि तालको सौन्दर्यकरण गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "सबैको साथ र सहयोगबाट तालघरमा पिल्लर गाड्ने कामको अन्तिम चरणमा छौं। यसमा सबैको योगदान अतुलनीय रहेको छ। पोखराको गहनाका रुपमा रहेको फेवातालको संरक्षण गर्दै यसलाई सौन्दर्यकरण गर्नका लागि महानगर प्रतिबद्ध छ।" पछिल्लो अध्ययनअनुसार तालको क्षेत्रफल ६.३४३ वर्ग किलोमिटर (१२ हजार ४६८ रोपनी तीन पैसा तीन दाम) कायम भएको छ। फेवा तालको सीमाङ्कनका लागि अत्याधुनिक डिजिपीएस प्रविधि र ड्रोन सर्भेको प्रयोग गरिएको थियो। फेवातालको चार किल्लामा पिल्लर गाडेपछि पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन ऐतिहासिक महत्तव राख्ने विश्वास गरिएको महानगर प्रमुख आचार्यले बताउनुभयो। सर्वोच्चले विसं २०८० असार ४ गते फेवाताल किनारदेखि ६५ मिटरसम्मका सबै संरचना हटाउन सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाको नाममा उत्प्रेषणयुक्त परमादेश जारी गरेको थियो।

वर्षायामको उच्चतम पानीको विन्दुदेखि ६५ मिटरसम्मको क्षेत्रलाई मध्यवर्ती हरियाली क्षेत्र घोषणा गरेर सबै अस्थायी र स्थायी संरचना हटाउन आदेश गरिएको थियो।

# पहिरोमा पुरिएर एकको मृत्यु, एक जना बेपत्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असार

म्याग्दीको मालिका गाउँपालिका-३ लुप्सीपारमा बुधबार दिउँसो पहिरोमा पुरिएर एक जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता भएका छन्।

लुप्सीपारका ३५ वर्षीय जगेन्द्र विकको पहिरोमा पुरिएर मृत्यु भएको हो भने निजका छोरा अन्दाजी १३ वर्षका सरोज विक बेपत्ता रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिनुभयो।


उहाँका अनुसार घर नजिकैको बारीको पाखामा घाँस काट्ने क्रममा अचानक माथिबाट पहिरो खसेर दुवैलाई पुरेको हो। बेपत्ताको खोजीका लागि जनप्रतिनिधि, स्थानीयवासी र इलाका प्रहरी कार्यालय दरवाङका प्रहरी निरीक्षक सोमढास ढकालको नेतृत्वमा सुरक्षाकर्मीको टोली घटनास्थलमा खटिएको छ।

# सात पत्रकार पुरस्कृत

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ असार

नेपाल पत्रकार महासङ्घ बागलुङ शाखाको रजतजयन्तीका अवसरमा राष्ट्रिय समाचार समिति (रासस)का बागलुङ बलेवा समाचारदाता तारानाथ आचार्य नन्दहरि सिर्जनशील पत्रकारिता पुरस्कार-२०८१ बाट पुरस्कृत हुनुभएको हो।

उहाँलाई नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष निर्मला शर्मा र जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमरबहादुर थापाले नगद रु २० हजारसहित दोसल्ला र सम्मान पत्रले पुरस्कृत गर्नुभएको हो। आचार्य २०७५ सालदेखि राससमा आवद्ध हुनुहुन्छ। रजतजयन्तीका अवसरमा आचार्यसहित बागलुङ सात पत्रकार पुरस्कृत भएका छन्। पत्रकार प्रकाश बरालनन्द-हरि सिर्जनशील पत्रकारिता पुरस्कार-२०८० र प्रदीप पन्त २०८२ बाट पुरस्कृत हुनुभएको नेपाल पत्रकार महासङ्घ बागलुङका अध्यक्ष राम थापाले जानकारी दिनुभयो। बराल र पन्तले पनि जनही रु २० हजार र सम्मानपत्रले पुरस्कृत हुनुभएको उहाँको भनाइ छ। त्यस्तै हरिलक्ष्मी-नारायणप्रसाद स्मृति पत्रकारिता पुरस्कार-२०८१ बाट पत्रकार दिल शिरीष, २०८२ बाट सुवास आचार्य, २०७९ किरण आचार्य र २०८० कोपिला कँडेल पुरस्कृत हुनुभएको छ। उहाँहरूले पनि जनही रु २० हजार दोसल्ला र प्रमारण पत्रले पुरस्कृत भएको अध्यक्ष थापाले जानकारी दिनुभयो।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो। – हजरत अली

## सम्पादकीय

# कांग्रेसमा चलाइएको अनुशासनको डण्डा

स्थानीय तह र प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन भएको तीन वर्षपछि नेपाली कांग्रेसले डेढ दर्जन नेतामाथि अनुशासनको कारबाही गरेको छ। केन्द्रीय अनुशासन समितिको बैठकले २०७९ को स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनमा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध असहयोग गरेको आरोपबाट कारबाहीको डन्डा चलाएको छ।

पार्टीका उम्मेदवारलाई पराजित गराउने गलत मनसायका साथ सामाजिक सञ्जाल, अडिओ/भिडिओ लगायत अनेकन हत्कण्डा प्रयोग गरिएका प्रमाणहरूका आधारमा पार्टीका नेता तथा कार्यकर्ताहरूलाई निष्कासन/निलम्बन गर्ने निर्णय गरिएको अनुशासन आयोगका संयोजक आनन्दप्रसाद ढुङ्गानाले बताएका छन्। काङ्ग्रेसको संस्थापन इतर पक्षकालाई तीन वर्षपछि कार्वाही गरिएको भन्दै असन्तुष्टि जनाएका छन।संस्थापन इतर पक्षका नेता डा. शेखर कोइरालाले कार्वाहीको विरोध जनाएका छन। काङ्ग्रेस केन्द्रीय समितिको बैठकमा नै शेखरले नेतृत्वको शैलीको विरोध गरेपछि सभापति शेर बहादुर देउवाले अनुशासनको डण्डा चलाइदिएका छन।

तेह्रथुम जिल्लाका महासमिति सदस्य तुलसी सुब्बा, कास्की जिल्लाका महासमिति सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल, खोटाङ जिल्लाका सभापति विष्णुकमार राई, पर्सा जिल्ला क्षेत्र नं. १ का क्षेत्रीय सभापति अरविन्दकुमार गुप्ताले पार्टीको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकोले उपलब्ध प्रमाणहरूको आधारमा निष्कासन गरिएको बताएका छन्।

विज्ञप्तिमा भनिएको छ, 'नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) धारा ३४ को उपधारा १ (क) (ख) (घ) अनुसार १ (एक) वर्ष र धनुषा जिल्ला लक्ष्मीनीया गाउँपालिकाका सभापति आनन्द यादवलाई ६ (छ) महिनाको लागि नेपाली कांग्रेसको सदस्यताबाट निष्कासन गर्ने निर्णय गरेको छ।' यस्तै, धनुषा जिल्ला सबैला नगरपालिकाका नगर सभापति खटरु यादव, धनुषाधाम नगरपालिका वडा नं. १ का रामबाबु यादव र मुखियापट्टी मुसहरनियाका सभापति फुलगेन यादव र कास्की जिल्ला क्षेत्र नं. २ का क्षेत्रीय सहसचिव भावना श्रेष्ठ, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं. २ का महाधिवेशन प्रतिनिधि भिमबहादुर शाह, निवर्तमान जिल्ला सचिव पूर्णकुमार कुँवरलाई निलम्बन गरिएको छ।

धनगढी उपमहानगरपालिका वडा नं. १ का पूर्व महासमिति सदस्य आनन्दराज जोशी, धनगढी उपमहानगरपालिका वडा नं. २ का क्षेत्रीय प्रतिनिधि रविन्द्रप्रताप सिंह, क्रियाशील सदस्य लेखराज ओझा, धनगढी उपमहानगरपालिका वडा नं. १ का क्रियाशील सदस्य सुभाष चन्द, धनगढी उपमहानगरपालिका वडा नं. ५ का पूर्व महाधिवेशन प्रतिनिधि बब्लुकुमार चौधरीलाई पनि उपलब्ध प्रमाणहरूको आधारमा निलम्बन गरिएको उल्लेख छ। उनीहरूलाई नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) धारा ३४ को उपधारा १ (क) (ख) (घ) अनुसार ६ (छ) महिना र नेपाली कास्कीका निवर्तमान सभापति कृष्ण के.सी.लाई ३ (तीन) महिनाको लागि निलम्बन गर्ने निर्णय गरेको छ। काङ्ग्रेसमा महाधिवेशन अघि नै शेखर पक्षलाई साइजमा ल्याउन संस्थापनले पोहोर मरिन सासू अहिले आए आँसु भने जस्तैः अनुशासनको डण्डा चलाइएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# साम्बासहित १० खेलाडीलाई सम्मानित

**रासस**
काठमाडौं, २५ असार

एउटै व्यवस्थापमा सञ्चालित द इन्साइट भिजन सेकेन्डरी स्कुल र राजधानी क्याम्पसले एएफसी वुमेन्स एसियन कप छनोटमा उत्कृष्ट प्रदर्शन गरेकी कप्तान सावित्रा भण्डारीसहित १० खेलाडीलाई आज नगद र छात्रवृत्तिसहित सम्मान गरेको छ।

धुम्बाराहिस्थित स्कुलमा आज आयोजित कार्यक्रममा कप्तान सावित्रासहित, अनिता बस्नेत, रेखा पौडेल, सविता रानामगर, पूजा रानासहित राष्ट्रिय टिमकी पूर्वकप्तान अनु लामा, हिराकुमारी भुजेल, युवा खेलाडी सावित्री किसान, कुसुम खतिवडा र सुनकला राईलाई जनहि रु १० हजार र समग्रमा १८ लाख बढीको छात्रवृत्तिसहित सम्मान गरेको हो। उनीहरूलाई काठमाडौं महानगरपालिका-४ का वडाध्यक्ष दिनेश महर्जनले स्कुलका संस्थापक प्रधानाध्यापक भीमकुमार श्रेष्ठ, अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का सहायक महासचिव दामोदर (बद्री) भट्टराईलगायतले नगदसहित सम्मानपत्र प्रदान गरेको थियो।

महिला फुटबलमा लगानी बृद्धि गर्नुपर्ने उल्लेख काठमाडौं महानगरपालिका-४ का वडाध्यक्ष महर्जनले भन्नुभयो, "महिला टिमले थोरै लगानीमै देशको लागि उत्कृष्ट प्रदर्शन गरेका छन्। त्यसैले उनीहरू हाम्रो समाजका हिरो हुन्। हामीले खेलाडीलाइ उत्साहित बनाउनका लागि खेलकुदमा थप लगानी गर्न ावश्यक छ।" द इन्साइट भिजन स्कुलका संस्थापक प्रधानाध्यापक भीमकुमार श्रेष्ठले भन्नुभयो, "हाम्रा खेलाडीहरूले अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै देशको प्रतीष्ठा बढाएका छन्। हामीले सम्भावना देखेरै उनीहरूलाई औपचारिक शिक्षामा पनि सहज तवरले अगाडि बढ्न सकोस् भनेर चार वर्षयता महिला फुटबलमा धेरैलाई छात्रवृत्ति दिएका छौं। अहिले साम्बासहित १० जनाले पूर्ण छात्रवृत्रिमा बीबीएस अध्ययन गरिरहेका छन्। यसरी नै हामी खेलाडीहरूको हौसला बढाउँदै जानेछौं।" सम्मानपछि कप्तान सावित्राले भन्नुभयो, "सबैले आ-आफ्ना क्षेत्रमा मिहिनेत गर्नुपर्छ। फुटबलसँगै औपचारिक शिक्षालाई अगाडि बढाउने अवसर दिएर 'इन्साइट भिजन' ले हामीलाई यहाँ उभिने अवसर दिएको छ। यसको लागि इन्साइट भिजन तथा राजधानी क्याम्पसलाई धेरै-धेरै धन्यवाद।" एउटै व्यवस्थापनमा सञ्चालित द इन्साइट भिजन सेकेन्डरी स्कुल र राजधानी क्याम्पसमा पुरुषको राष्ट्रिय टिम तथा उमेर समूहका १४ जना फुटबलर पनि छात्रवृत्तिमा अध्ययन गरिरहेका छन्। अन्तरराष्ट्रिय फुटबलमा सर्वाधिक गोलकर्ता नेपाली सावित्रासहित पूजा, अनिता, रेखा र सविताले एसियन कप छनोट खेलेका थिए। उज्वेकिस्तानको तास्कन्दमा भएको छनोटमा नेपाल घरेलु टिम उज्वेकिस्तानविरुद्ध टाइब्रेकरमा पराजित हुँदै अर्को वर्ष अस्ट्रेलियामा हुने एसियन कपमा स्थान बनाउन असफल भएको थियो।

# स्याङ्जाका चार किसानलाई उत्कृष्ट पुरस्कार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २५ असार

कृषि ज्ञान केन्द्र स्याङ्जाले जिल्लाका चार उत्कृष्ट किसानलाई कृषि पुरस्कार सहित सम्मान गरेको छ। सम्मानित हुने किसानहरुमा भीरकोट नगरपालिकाका मौरी पालक किसान श्यामप्रसाद अर्याल, गल्याङ नगरपालिकाका बीउ उत्पादक किसान चन्द्रकान्त डुम्रे, वालिङ नगरपालिकाका तरकारी उत्पादक किसान हुमनाथ लामिछाने र पुतलीबजार नगरपालिकाका सुन्तला किसान रामबन्धु अर्याल रहेका छन्।

सम्मानित हुने किसानहरुले ५ देखी ३० लाख सम्म कृषि उपजबाट आम्दानी गर्दै आएका छन्। जिल्लामा २० बर्षदेखि ३० बर्षसम्म निरन्तर कृषि पेशामा आवद्ध रहेका किसानहरुलाई एक कार्यक्रमको आयोजना गरी सम्मानित गरिएको हो। ज्ञान केन्द्र स्याङ्जाले सम्मान गरेका किसानहरु ब्यावसायिक रुपमा परिचित छन्। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याल, वरिष्ठ कृषि विकास अधिकृत विनोद हमाल, प्रहरी उपरीक्षक दधिराम न्यौपानेले जनही १०/१० हजार नगद सहित दोसल्ला ओढाई सम्मानपत्रद्धारा चारजना किसानलाई सम्मान गरेका थिए। सम्मान कार्यक्रममा बोल्दै प्रजिअ अर्यालले पहिला खानका लागि गरिने कृषि हाल ब्यवासायिक बनेकोमा खुशी व्यक्त गरे। स्याङ्जा अन्न, तरकारी र फलफूलका लागि उपयुक्त भएकाले कृषि मार्फत उद्यम र आयआर्जन बढाउन सकिने बताउदै प्रजिअ अर्यालले रोजगारकै निम्ति विदेशिन नपर्ने बताए। किसान बिनाको भविष्य कल्पना पनि गर्न नसकिने जनाउदै कृषिलाई प्राथमिकतामा राख्नु पर्नेमा जोड दिए। रैथाने बाली संरक्षण गर्दै हाइब्रेड तथा आधुनिक कृषि प्रणालीलाई अवलम्बन गर्न प्रजिअ अर्यालको सुझाव थियो। कृषिमा भैरहेको राज्यको अनुदानको सहिसदुपयोग गर्दै आत्मनिर्भर बन्न आग्रह गर्दै आधुनिकता र यान्त्रिकरणको विकाससंगै मुलुकले फड्को मारेको बताए। सुन्तला सुपरजोन परियोजना संचालन समितिका अध्यक्ष बोधराज अर्याल, सम्मानित हुनुहुने किसान श्यामप्रसाद अर्याल, चन्द्रकान्त डुम्रे, हुमनाथ लामिछाने, रामबन्धु रेग्मीले आ–आफना कृषि कर्मका बारेमा जानकारी गराउदै कृषि पेशामै आफुहरु सन्तुष्ट रहेको बताएका थिए। जिल्लाको कृषिको अवस्थाका बारेमा जानकारी गराउदै कृषिप्रति राज्यको लगानी न्यून भएको कारण धेरैको कृषिमा आर्कषण बढ्न नसकेको गुनासो उनीहरुको छ।



कृषि ज्ञान केन्द्रका प्रमुख विनोद हमालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृषि बिज्ञ नारायणप्रसाद पाठकले स्वागत र बाली संरक्षण अधिकृत प्रतिमा कुँबरले संचालन गरेका थिए। केन्द्र प्रमुख बिनोद हमालको संयोजकत्वमा भेटेरिनरी डा. रुपेश श्रेष्ठ र वरिष्ठ कृषि विकास अधिकृत अजय अधिकारी सदस्य रहनेगरी उत्कृष्ट किसान छनौट समिति गठनगरी सोही समिति मार्फत किसान छनौट गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

# आगामी आवको मौद्रिक नीतिको अन्तिम तयारी गर्दै राष्ट्र बैंक

**रासस**
काठमाडौं, २५ असार

नेपाल राष्ट्र बैंक आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अन्तिम तयारीमा छ। सरकारले वित्त नीतिमार्फत् लिएको छ प्रतिशतको आर्थिक वृद्धि र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलाई सघाउनेगरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याउनेछ।

कर्जा विस्तार गर्ने, खराब कर्जा घटाउने, ब्याजदर सन्तुलन, बाह्य क्षेत्र व्यवस्थापनलगायत विषय पनि मौद्रिक नीतिको प्राथमिकता रहेका छन्। आगामी आर्थिक वर्षको मौद्रिक नीतिबाट निजी क्षेत्रले राखेका अपेक्षाअनुसार यस क्षेत्रका दुई छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग परिसङ्घले राष्ट्र बैंकलाई सुझाव दिइसकेका छन्। महासङ्घले अर्थतन्त्रमा देखिएको शिथिलता, वित्तीय क्षेत्रको जोखिम र अनौपचारिक क्षेत्रको ठूलो हिस्सालाई केन्द्रविन्दुमा राख्दै सुधारोन्मुख अर्थतन्त्रलाई गति दिन, निजी क्षेत्रको मनोबल बढाउन र सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमलाई सम्बोधन गर्नेगरी नीतिगत सुधारमा जोड दिएको छ। त्यस्तै, परिसङ्घले न्यून बजार मागलाई उकासेर आर्थिक गतिविधि बढाउने, मौद्रिक नीतिगत अभ्यासमा सुधार गर्ने र राष्ट्र बैंकको संरचनागत सुधार गर्नुपर्ने सुझाव दिएको छ। आगामी मौद्रिक नीतिले निजीक्षेत्रलाई लगानीका लागि प्रोत्साहित गर्ने, बजारको आत्मविश्वास उकास्ने र यसबाट नयाँ रोजगारी सिर्जना तथा बजार माग वृद्धिमार्फत अर्थतन्त्रको पुनरुत्थानमा सहयोग पुग्ने अपेक्षा परिसङ्घको छ। कर्जा पुनर्तालिकीकरण र पुनःसंरचनाका लागि आगामी आर्थिक वर्षको बजेटमा राखिएको व्यवस्थालाई कार्यान्वयन गर्न मौद्रिक नीतिमा ठोस कार्यक्रम समावेश गर्न राष्ट्र बैंकलाई सुझाव दिइएको छ। यो सुविधा सबै उद्योग-व्यवसायका लागि उपलब्ध गराउनुपर्ने, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियतको व्यवस्थालाई स्पष्ट पारी प्रभावकारी रूपमा लागू गर्नुपर्ने सुझाव दिइएको छ।

उत्पादनमूलक, पर्यटन, निर्माण उद्योग र आवास विकास कम्पनीका लागि सरल तथा सुलभ तरिकाले कार्यशील पुँजी कर्जा उपलब्ध गराउन सहजीकरण गर्नुपर्ने, व्यवसायको प्रकृतिअनुसार चालु पुँजी कर्जाको निर्णय गर्ने अधिकार सम्बन्धित बैंक र ऋणीहरूलाई दिनुपर्नेलगायत सुझाव महासङ्घले राष्ट्र बैंकलाई दिएको छ।

# पन्ध्र वर्षपछि सिँचाइ आयोजना पुनर्निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ असार

सडक निर्माणका क्रममा क्षति पुगेको म्याग्दीको मङ्गला गाउँपालिका-२ स्थित घुरेनी-कोत्रवाङ-सिम सिँचाइ आयोजनाको नहर १५ वर्षपछि पुनर्निर्माण भएको छ।

सल्यानको फेदीमा रहेको घुरेनीको मुहानबाट कोत्रवाङ र सिमको फाँटमा पानी ल्याउने नहर विसं २०६७ मा सिम-कुहुँ सडक निर्माणका क्रममा पुरिएको थियो।

घुरेनी-कोत्रवाङ-सिम सिँचाइ आयोजनाको उपभोक्ता समितिका अध्यक्ष हेमबहादुर खत्रीले खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीको सहयोगमा १५ वर्षपछि नहर पुनर्निर्माण गरिएको बताउनुभयो। "नहर पुरिएपछि पाइपबाट पानी ल्याएर खेतीबाली लगाउन र सिँचाइ गर्न साह्रै समस्या भएको थियो", उहाँले भन्नुभयो, "यसपालि नहर पुनर्निर्माण भएपछि समयमा रोपाइँ गर्नुका साथै हिउँदेबालीमा सिँचाइ गर्न सहज भएको छ।" पाइपमा पर्याप्त पानी नआउने र कच्ची नहरमा पानी सोसिने अर्को समस्या पनि थियो। आयोजनाबाट १५ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा पुगेको खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीका प्रमुख डिभिजनल इञ्जिनियर झलकमोहन ओझाले बताउनुभयो। एक हजार ७०० मिटर पक्की नहर निर्माण भएको बताउँदै उहाँले मुख्य नहरका शाखा नहरहरू पनि निर्माण भएका उल्लेख गर्नुभयो। रु एक करोड ३३ लाख लागत अनुमान गरिएको आयोजना निर्माणका लागि विसं २०८१ जेठ २५ गते शान्ति निर्माण सेवाले रु ९० लाखमा ठेक्का सम्झौता गरेको थियो। एक वर्षको ठेक्का अवधि भएको योजना निर्धारित समयभित्रनै सम्पन्न भएको हो।

गत आर्थिक वर्ष २०८०/८१ मा रु १० लाख बजेट विनियोजन भएको योजनाका लागि रु एक करोड ३३ लाख बराबरको स्रोत सुनिश्चितता गराएर बहुवर्षीय ठेक्का लगाइएको डिभिजनल इञ्जिनियर ओझाले बताउनुभयो। कोत्रवाङ र सिमको बीचमा बाँकी रहेको सिँचाइ योजनाको संरचना निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट आगामी आवका लागि रु पाँच लाख विनियोजन भएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ४ नवीन मा.वि. शौचालय मर्मत तथा व्यवस्थापन गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः नवीन मा.वि. शौचालय मर्मत तथा व्यवस्थापन
ठेगानाः पोखरा-४
योजना शुरु हुने मिति : २०८२/०२/०२ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/२४ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/२४ गते
योजनाको बजेटः रु ३०,०६,५०७.१५
महानगरपालिकाबाटः रु. २५,००,०००।-
जनसहभागिताबाटः रु. ५,०६,५०७।-
योजनाको कुल लागतः रु. १५,७४,०९५.७०
उपभोक्ता समिति अध्यक्षः बसन्त प्रसाद पराजुली
सम्पर्क नं.: ९८५६०२३१०५
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**नवीन मा.वि. शौचालय मर्मत तथा व्यवस्थापन उपभोक्ता समिति पोखरा-४**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ वडाका विभिन्न बाटोहरु मर्मत रिपिच तथा निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः वडाका विभिन्न बाटोहरु मर्मत रिपिच तथा निर्माण
ठेगानाः वडा विभिन्न बाटोहरु मर्मत रिपिच तथा निर्माण पोखरा-१५, कैलाश मार्गको भित्री बाटो
योजना सम्झौता मितिः २०८२/०२/०४ गते
योजना शुरु हुने मिति : २०८२/०२/१६ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु. ११,७६,४७२।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,७६,४७२।-
उपभोक्ता समिति अध्यक्षः दल बहादुर आले
सम्पर्क नं.: ९८१६६९४३०४
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**वडा विभिन्न बाटोहरू मर्मत रिपिच तथा निर्माण उपभोक्ता समिति पोखरा-१५**

# ढाक्मरका राताम्मे पहाड र गुफाले पर्यटक लोभ्याउँदै

सुन्दरकुमार थकाली
मुस्ताङ, २५ असार/रासस



लोघेकर दामोदरकुण्ड गाउँपालिका-२ घमी गाउँ नजिकको सडकमा राताम्मे छिद्रैछिद्र प्वालहरू भएको पहाड देख्न सकिन्छ । उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरव आयोजनाका रूपमा रहेको जोमसोम-कोरला राजमार्गअन्तर्गत उपल्लो मुस्ताङको यो राताम्मे पहाड यहाँको लोघेकर दामोदरकुण्ड-२ ढाक्मर गाउँ नजिकै अवस्थित छ ।

पहाड प्राकृतिक रूपमा आफैँ राताम्मे भएको अनुमान गरिए पनि ढाक्मर पहाड राताम्मे हुनुको कारण धार्मिक किंवदन्तीसँग जोडिएको स्थानीय बताउँछन् । भौतिक पूर्वाधार निर्माण गर्न थालेसँगै ढाक्मरका राताम्मे पहाड र गुफाले पर्यटक लोभ्याउन थालेका छन् । पछिल्लो समय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पूर्वाधार निर्माणलाई जोड दिन थालेपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्न थालेको लोघेकर दामोदरकुण्ड गाउँपालिका कार्यालयले जनाएको छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेलका अनुसार ढाक्मर पहाड राताम्मे हुनको पछाडि गुरु पद्मसम्भवको कथासँग जोडिएको छ। "आठौँ शताब्दी ताका मुस्ताङको घमी खोला नजिक उत्तरतर्फ गुरु पद्मसम्भवले धर्मविरोधी राक्षसको भुडी चिरेर आन्द्राभुडी घमी खोलामा फ्याकेको र त्यस क्रममा राक्षसको रगत निकालेर ढाक्मर गाउँको विशाल पहाडमा मिल्काइएकाले उक्त पहाड राताम्मे भएको किंवदन्ती छ", उहाँले भन्नुभयो ।

घमी खोला नजिक राक्षसको आन्द्राभुडी निकालेर फालेकाले त्यहाँ राक्षसको आन्द्राभुडी आकृतिको करिब २०० मिटर लामो पर्खाल निर्माण गरिएको छ। राक्षसको रगतले पोतिएकाले ढाक्मरको विशाल पहाड रातो हुन पुगेको धार्मिक जनविश्वास रहेको अध्यक्ष छोम्फेलको भनाइ छ । ढाक्मर गाउँ नजिकको विशाल पहाडको लम्बाइ करिब दुई किलोमिटरभन्दा बढी छ। उत्तरी कोरलानाका र उपल्लो मुस्ताङको भ्रमण गर्ने जोकोही पर्यटकले मुस्ताङको घमी पुग्दा यहाँ अवस्थित राताम्मे पहाड देख्न सक्छन् । "यहाँको पर्यटन प्रवर्द्धन तथा आवश्यक प्रचारप्रसार नहुँदा कलात्मक पहाड र ऐतिहासिक महत्त्वबारे पर्यटन बेखबरजस्तै हुने गरेका पायौँ", उहाँले भन्नुभयो । ऐतिहासिक तथा धार्मिक मान्यता रहेको कलात्मक छिद्रछिद्रमा एक सयभन्दा बढी गुफा रहेका अध्यक्ष छोम्फेलले जानकारी दिनुभयो । यहाँ थुप्रै छिद्रछिद्र गुफा रहे पनि ढाक्मर गाउँ नजिक जियो पार्क आसपास रहेको पहाडमा अवस्थित केही गुफालाई पर्यटकीय हबका रूपमा विकास गर्ने लक्ष्यअनुसार पूर्वाधार निर्माण भइरहेको उहाँले उल्लेख गर्नुभयो । ढाक्मर गाउँको जियोपार्क सम्पदासँग जोडिने गरी यहाँको अग्लो स्थानस्थित गुफासम्म पुग्न गाउँपालिकाले रेलिङसहितको सिँढी बाटो निर्माण गरेको अध्यक्ष छोम्फेलको भनाइ छ । "जियो गुफासम्म पुग्न अहिले केही कठिन छ । चालु वर्ष हामीले रु १५ लाख खर्च गरेर गुफासम्मको रेलिङ र सिँढीसहित आधा बाटो निर्माण गरेका छौँ", अध्यक्षले भन्नुभयो, "आगामी आवमा गुफासम्म पुग्ने सम्पूर्ण पूर्वाधार निर्माण गर्नेगरी रु २५ लाख बजेट विनियोजन गरेका छौँ, अब यस क्षेत्रको पर्यटन विकासमा गाउँपालिकाले योजनाबद्ध काम गर्नेछ ।"

ढाक्मर गाउँ नजिकको पहाडमा करिब दुई हजार वर्ष पहिले खोपेर गुफैगुफा निर्माण गरिएको लोघेकर-२ का वडाध्यक्ष थुक्तेन छिरिङ गुरुङले उल्लेख गर्नुभयो । "यहाँ बस्ती निर्माण हुनु अघि यहाँका पहाड मानिसले खोपेर गुफा बनाई आश्रय लिने गरेका जानकारहरू बताउँछन् । यहाँ दर्जनौँ छिद्रछिद्र गुफाहरू अवस्थित छन्", उहाँले भन्नुभयो । गाउँ नजिक रहेका गुफालाई स्थानीय र पालिकाको सहकार्यमा जियो पार्कका रूपमा विकास गर्न सुरु गरिएको वडाध्यक्ष गुरुङले जनाउनुभयो । जियोपार्क गुफामा विदेशी पर्यटक ध्यानसाधना गर्न आउने गरेका उहाँको भनाइ छ। "राताम्मे जियोपार्क गुफाबाट नीलगिरि हिमाल र आसपासका हिमशृङ्खला मनमोहक र सुन्दर देखिन्छन् । यसलाई ध्यानसाधना केन्द्र मात्रै होइन, दृष्यावलोकन गर्न मिल्नेगरी पूर्वाधार निर्माण भइरहेका छन्", उहाँले भन्नुभयो । जियोपार्क गुफा प्रवर्द्धन गर्न लोघेकर दामोदरकुण्डसँगै सामाजिक विकास कार्यालय मुस्ताङले पनि सहकार्य गरेको छ। कार्यालयले मानव निर्मित जियोपार्क गुफामा रेलिङसहितको जियो प्रोटेक्सनवाल निर्माण गरिरहेको कार्यालयका प्रमुख निरपति दर्जीले जानकारी दिनुभयो । उहाँले गुफाबाट सजिलै बिनाजोखिम दृष्यावलोकन गर्न सकिने गरी चालु आवमा रु १० लाख बजेट खर्चिएर वाल निर्माण गरिएको बताउनुभयो । यहाँ पर्यटकीय सम्भावना बढी रहेकाले पर्यटन प्रवर्द्धन गर्न स्थानीयवासीसँग सहकार्य गरिएको उल्लेख गर्नुभयो । कृषि र पशुपालन व्यवसायमा आश्रित ढाक्मर गाउँका स्थानीय विस्तारै पर्यटनसँग जोडिने दर्जीले बताउनुभयो । "सोही कारणले यहाँ ठूलो क्षेत्रफलमा हरियाली जियोपार्क निर्माण गरिसकेका छौँ। केही वर्षअघि पार्क वरिपरि प्रदेश सरकारले रु ३० लाखबाट कम्पाण्ड घेराबार गरेको थियो । साथै पार्कभित्र छप्पनी ढुङ्गा बिच्छ्याएर पेटी निर्माण भएको छ", उहाँले भन्नुभयो ।

पार्कलाई पर्यटन हबका रूपमा विकास गर्ने लक्ष्यसहित स्थानीयले रु ६५ लाख चन्दा सङ्कलन गरी विशाल बुद्धको मूर्ति स्थापना गरिएको स्थानीयको भनाइ छ । जोमसोम-कोरला सडकबाट पश्चिमतर्फको दुई किमी दूरीमा ढाक्मर गाउँ पुग्न सकिन्छ । मुस्ताङको घमी हुँदै पनि ढाक्मर गाउँ पुग्न सकिन्छ । यहाँको कच्ची सडक हुँदै विश्वको पहिलो र पुरानो दाबी गरिएको मराङमा अवस्थित लोघेकर अर्थात् घर गुम्बा पुग्न सकिन्छ ।

# ऐनापहरामा स्काइ वाक निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
दमौली, २५ असार

तनहुँका आँबुखैरेनी गाउँपालिकास्थित पर्यटकीय गन्तव्यस्थल ऐनापहरामा 'स्काइ वाक' निर्माण अन्तिम चरणमा पुगेको छ । गत जेठ दोस्रो हप्तादेखि यहाँ स्काइ वाक निर्माण सुरु गरिएकामा काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

आँबुखैरेनी गाउँपालिका-२ स्थित ऐनापहरालाई पर्यटन हब बनाउने उद्देश्यसहित स्काइ वाक निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको र केही दिनभित्रै यसलाई व्यावसायिक सञ्चालनमा ल्याउने तयारी गरिएको उहाँको भनाइ छ । कूल ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ । उहाँले भन्नुभयो, "स्काइ वाकमा हिँड्दा हरियाली, शान्त पहरा र खुला आकाशको बीचमा एक अनौठो साहसिक अनुभव गर्न सकिनेछ । सुरक्षा उपायसहितको उच्च गुणस्तरीय निर्माण भएकाले डर मान्नुपर्ने अवस्था छैन ।" यो स्थान पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनिरहेको रहेकाले यहाँ पूर्वाधार थप गरिएको उहाँको भनाइ छ। स्काइ वाकले यहाँको पर्यटन विकास र साहसिक गतिविधिका लागि सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

पृथ्वीराजमार्गसँगै जोडिएको यस ठाउँ पर्यटकको घुम्ने गन्तव्यको रुपमा विकास भएको छ । सार्वजनिक बिदाका दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी गाउँपालिका-२ का वडाध्यक्ष आशबहादुर गुरुङले जानकारी दिनुभयो । ढुङ्गामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा अगाडि बढाएको छ, राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ ।" ऐना पहराबाट गाउँपालिकाले रु ६० लाखभन्दा बढी आम्दानी गरिसकेको छ । राजमार्गको नजिकै रहेको उक्त ठाउँ पर्यटकीय स्थलको रुपमा विकास भएपछि यस ठाउँलाई थप सुन्दर र आकर्षक बनाउन उद्यान निर्माण गरिएको छ। यहाँ झरना झरेको ठाउँको ढुङ्गामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुङ्गामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐना पहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ। यस ठाउँलाई व्यवस्थित गर्न विस्तृत आयोजना प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ । डिपिआरअनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ।

# राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार रुद्र श्रीस मगरलाई

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

पोखराका पत्रकार रुद्र श्रीस मगरलाई राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार-२०८२ अर्पण गरिने भएको छ।

नेपाल मगर पत्रकार संघका केन्द्रिय उपाध्यक्ष तथा राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार-२०८२ छनौट समितिका संयोजक एमबी आस्था मगरको संयोजकत्वमा गठित ५ सदस्यीय समितिले श्रीस मगरलाई पुरस्कार अर्पण गर्न सिफारिस गरेको थियो । मगर पत्रकार संघ कास्कीको आयोजना र राष्ट्रिय मौलिक कौराहा संरक्षण समिति नेपालको सहकार्य साउन १ गरिने कार्यक्रममा उहाँलाई पुरस्कार प्रदान गरिने मगर पत्रकार संघका कास्कीका अध्यक्ष सुरज थापा मगरले जानकारी दिए । उनका अनुसार राष्ट्रिय मौलिक कौराहा संरक्षण




समितिद्धारा स्थापित पुरस्कार राशी यसपटक १५ हजार रुपैयाँ पुऱ्याइएको छ।

उक्त पुरस्कार मगर जातिको भाषा, कला, धर्म, रितीरिवाज तथा संस्कार- संस्कृति र कौराहा संरक्षण र प्रवर्द्धनको क्षेत्रमा कलम चलाउँदै आएका पत्रकारहरुलाई वार्षिक रुपमा प्रदान गर्दै आएको छ । २०७५ सालमा स्थापना भएको पुरस्कारबाट यसअघि कमला राना मगर (नवलपुर), तिलक पुन पुर्जा (कास्की), प्रताप राना मगर (तनहुँ), 'एमबी आस्था' (कास्की), मनोज घर्ती मगर (कास्की), खेम सारु मगर (पाल्पा) र सारदा झेंडी मगर (नवलपुर) पुरस्कृत भइसकेका छन्। यस वर्ष पुरस्कृत हुन लागेका श्रीस मगर विगत १९ वर्षदेखि पत्रकारिकतामा सक्रिय छन् । २०६३ सालमा पृथकयात्रा साहित्यिक द्वैमासिक पत्रिकाबाट पत्रकारिता सुरु गरेका श्रीस अहिले पोखराको फेवा टेलिभिजनको कार्यकारी सम्पादक र कास्की आवाज दैनिकका सम्पादकमा कार्यरत छन् । पत्रकार श्रीस मगर यसअघि जगनान्थ सिग्देल स्मृति युवा प्रोत्साहन पत्रकारिता पुरस्कार, तीर्थसागर सुवेदी स्मृति पत्रकारिता पुरस्कार, कर्म-कर्ण आदिवासी जनजाति पत्रकारिता पुरस्कार र मगर सांस्कृतिक पत्रकारिताबाट सम्मानबाट सम्मानित भइसकेका छन् । उनी आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीको इन्चार्ज र नेपाल मगर पत्रकार संघका केन्द्रिय उपमहासचिवमा छन् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः** वि. स. २०३२/०७/१६ गते

**स्वः रविनन्दन शर्मा पौडेल**

**स्वर्गारोहणः** वि.स. २०८२/०३/१४ गते

हाम्रा प्रातः स्मरणीय छोरा/भाइ/देवर/पति/बुबा **रविनन्दन शर्मा पौडेल** को ५० वर्षको उमेरमा ब्रह्मलीन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**आमाः कमला पौडेल**
**ठूलो दाजु/भाउजुः अभिनन्दन शर्मा/इन्दिरा पौडेल**
**माइला दाजु/भाउजुः भोलानन्द शर्मा/मेनुका पौडेल**

**श्रीमतीः तारा पौडेल**
**छोराः आत्मनन्द पौडेल**
**ओमप्रसाद पौडेल**


**छोराः अभिजित पौडेल**
**बुहारीः सृष्टि सुवेदी**
**छोरा : सर्वजित पौडेल**
**छोरीः भावना पौडेल**

**एवम् शर्मा पौडेल परिवार**

**पूनश्चः मिति २०८२ असार २६ गते बिहीबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ९ः ०० बजे स्थानः पोखरा-४ पुरानोढोका मार्ग**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः** वि. स. २०३२/०७/१६ गते

**स्वर्गारोहणः** वि.स. २०८२/०३/१४ गते

**स्वः रविनन्दन शर्मा पौडेल**

यस पोखरापत्र राष्ट्रिय दैनिकका शुभचिन्तक **रविनन्दन शर्मा पौडेल** को ५० वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**
**पोखरा-९, नयाँबजार**